# यस निर्देशिकाको बारेमा

हिन्दू कुश-हिमाली क्षेत्रका सामुदायिक सङ्घ-संस्थाहरूका सम्भावित प्रशिक्षकहरूले प्रशिक्षण तथा प्रशिक्षण कार्यशाला गोष्ठीहरूमा प्रयोग गर्नका लागि यो जनवकालत रणनीति सम्बन्धी प्रशिक्षक प्रशिक्षण निर्देशिका तयार गरिएको हो । यस निर्देशिकालाई छोटो सरल र रोचक बनाई सहभागीहरूलाई छोटो समयमा वकालतका धेरै पक्षहरूका बारेमा सिक्न सक्षम बनाउन धेरै प्रयासहरू गरिएका छन् ।

यस प्रशिक्षक प्रशिक्षण निर्देशिकाको प्रयोग गरी प्रशिक्षकहरूले आफ्ना सहभागीहरूलाई निम्नकुराहरूमा प्रशिक्षण दिन सहयोग पुऱ्याउने छ भन्ने आशा गरिएको छ :

- जनवकालतको अवधारणा र यसका विभिन्न रणनीतिहरूको बुझाई ।
- हिन्दू कुश-हिमाली क्षेत्र आसपासमा सञ्चालनमा रहेका जनवकालतका पहल र रणनीतिहरूका बारेमा अनुभव आदान प्रदान ।
- जनवकालतका विभिन्न साधन र उपायहरूका बारेमा विश्लेषण ।
- सहयोगी सञ्जालहरूमार्फत् हिन्दू कुश-हिमाली क्षेत्रमा जनवकालतका स्रोतको साझाभण्डार निर्माणका लागि योगदान ।
- यस क्षेत्रका सामुदायिक सङ्घ-संस्थाहरूमा जनवकालत धारणा र साधनहरूका विषयमा क्षमता अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्न विभिन्न तरिकाहरूको विकास गर्न ।

आवश्यकता र तालिमको स्तरका आधारमा यस निर्देशिकाका विभिन्न सत्रहरूलाई जनवकालत रणनीतिहरूका लागि स्थानीय स्तरका तालिमहरूमा ग्रहण गर्न वा सोझै प्रयोग गर्न सकिन्छ ।

यस प्रशिक्षक प्रशिक्षण तालिमका सबै सत्रहरू सहभागी-केन्द्रित सिकाइमा आधारित भएर तयार गरिएका छन् । यस तालिमका प्रत्येक सत्रमा सहभागीहरू सक्रीय हुनेछन् भन्ने आशा गरिन्छ । सहजकर्ताहरूले मस्तिष्क मन्थन, साना समूहमा छलफल, अभिनय, घटना अध्ययन तथा प्रश्न उत्तर सत्रहरूको माध्ययमद्वारा सहभागीतामूलक ढङ्गले छलफल सञ्चालन गर्ने छन् । यसमा पाँच दिनका लागि २० वटा सत्रका साथै प्रत्येक दिनको समीक्षाहरू समेत समावेश छन् । प्रत्येक सत्र १ देखि २ घण्टाको हुनेछ । केही स्थानमा कार्यशालाको आयोजना, सञ्चालन वा प्रवर्द्धन गर्न संस्थाहरूका लागि सन्दर्भ सामग्री उपलब्ध गराइएका छन् । यहाँ कार्यशाला सन्दर्भ (Workshop Context) भनि नामाकरण गरिए तापनि यसलाई आवश्यकताअनुसार परिवर्तन गर्न सकिन्छ । प्रत्येक सत्रका ढाँचा र योजना उस्तै किसिमका छन् र प्रत्येकमा तलका कुराहरू समावेश छन् ।

**शीर्षक :** प्रत्येक शीर्षकको सुरुमा  सत्रको शीर्षकले विषयवस्तुको वर्णन गर्दछ । मुख्य विषयवस्तुको वर्णन गर्दै प्रत्येक सत्रको माथिल्लो भागमा सत्रगत शीर्षक रहेको हुन्छ ।

**समय:** प्रत्येक सत्रका लागि पानाको सुरुमा दाहिने किनारमा दिएको न्यूनतम समय हो ।

**सत्रको समग्र उद्देश्य:** यसले त्यस सत्रको मुख्य लक्ष्यको व्याख्या गर्दछ ।

**सत्रको विषेश उद्देश्य:** यसले सत्रको अन्त्यमा सिकिने सिप र ज्ञानको व्याख्या गर्दछ ।

**क्रियाकलाप:** सत्रको मूल शीर्षकले विभिन्न क्रियाकलापमार्फत् निश्चित समय निर्धारण गरी खुला गरिन्छ । कोष्ठमा दिएको समय सत्र सञ्चालन गरिने क्रियाकलापका लागि छुट्याइएको कूल समय जनाउँदछ ।

**तयारी बाकस:** यसले सहजकर्तालाई सत्रको सुरु गर्नुपूर्व तयार गर्नुपर्ने कुरा बताउँदछ ।

**सत्रका लागि आवश्यक सामग्री:** यो मूलभूत रूपमा स्रोत सामग्रीसँग सम्बन्धित छ । सत्रमा प्रस्तुत गर्न चाहिने ह्यान्ड आउट्स (handouts) कति सङ्ख्यामा चाहिन्छ भन्ने कुरा उल्लेख हुन्छ । पहिलो नम्बर सत्रको नम्बर हो भने दोस्रो नम्बर चाहिं प्रस्तुतीकरण तालिकाको क्रमसङ्ख्या हो । उदाहरणका लागि यदि कुनै पानामा ८.३ लेखिएको भए, ८ ले सत्रको संकेत गर्दछ भने ३ ले आठौं सत्रको तेस्रो सामग्री तालिका हो भन्ने बुझाउँदछ ।

**अन्य सामग्री:** विशेष सत्रलाई चाहिने सबै सामग्री यहाँ लेखिएको हुन्छ । पहिलो सत्रका लागि तयार पारिएको सामग्रीको सूची सबै सत्रमा प्रयोग हुनेहुँदा प्रत्येक दिन तालिम कक्षामा उपलब्ध हुन्छन् । यदि अन्य सामग्री आवश्यक भए दिएको खाली ठाउँमा आवश्यक सामग्रीको नाम लेख्नु पर्दछ ।

**तालिम सहजकर्ताका लागि सुझाव:** यसले सत्रका प्रक्रियाका बारेमा व्याख्या गर्दछ । प्रक्रियाअनुसार सहजकर्ताले सत्र सञ्चालन गर्नुपर्दछ । सहजकर्ताका लागि कुनै सुझाव भए पानाभित्रको बाकसमा दिनु पर्दछ ।

प्रशिक्षकलाई सक्षम बनाउनका लागि यो निर्देशिका सहित स्रोत निर्देशिका पनि तयार गरिएको छ जसले दुबै पक्षको परिपूरकको रूपमा काम गर्दछ । यस निर्देशिकामा सिक्नका लागि सिकाइका बुँदा दिएका छन् जुन बुलेटका रूपमा उल्लेख गरिएको छ । यसले प्रशिक्षकलाई प्रयोग गर्न, लेख्न, सार्न सजिलो हुन्छ । यसले सत्र सञ्चालन गर्न मद्दत गर्दछ । साथै प्रशिक्षकको जानकारी बढाउन, ज्ञान वृद्धि गर्न तथा निर्देशिकाले प्रस्तुत गरेको धारणा बुझ्न बल पुऱ्याउँदछ ।

# जनवकालत रणनीति प्रशिक्षक प्रशिक्षण कार्यशालाको पाठ योजना
# Training of Trainers (TOT) Workshop in Advocacy Strategies

| **पहिलो दिन** | | | | |
|---|---|---|---|---|
| **समय** | **सत्रको विषयवस्तु** | **उद्देश्य** | **विधि** | **सामग्री** |
| २ घण्टा | **१. दर्ता, परिचय, उद्घाटन**<br>• दर्ता<br>• उद्घाटन<br>• परिचय (सहभागितामूलक विधि बाट)<br>• सहभागीका अपेक्षाहरू<br>• उद्देश्य/अपेक्षा, विषयवस्तु र स्मरणपाटी राख्ने<br>• तालिमका विषय वस्तुका बारेमा जानकारी<br>• व्यवस्थापन तथा नियम | • सहभागी तथा स्रोत व्यक्तिहरूको दर्ता<br>• सहभागी तथा स्रोत व्यक्तिहरूको आपसमा चिनजान<br>• सहभागीहरूका अपेक्षाको अभिलेख तयार गर्ने<br>• कार्यशालाको उद्देश्यसित सहभागीका अपेक्षाहरू समायोजन गर्ने<br>• नियम बनाउने र व्यवस्थापन बारे स्पष्ट पार्ने | ध्यानाकर्षक खेल र प्रस्तुतीकरण | प्रत्येक दिन प्रशिक्षणमा प्रयोग हुने सामग्रीः (कापी, कलम, समाचार पत्र, विद्युतीय उपकरणहरू मेटाकार्ड आदि) र बेलुन, डोरी, कागज |
| २ घण्टा | **२. तालिमको सन्दर्भ**<br>• सन्दर्भ प्रस्तुत गर्ने<br>• ध्येय, उद्देश्य तथा क्रियाकलापको स्वरूप (कार्यशाला सन्दर्भ)<br>• वकालतमा क्षमता अभिवृद्धिको आवश्यकता<br>• अपेक्षा (कार्यशालामा सन्दर्भको) छलफल<br>• सन्दर्भ विश्लेषण | • वकालतमा क्षमता अभिवृद्धिको सन्दर्भका बारेमा व्याख्या गर्ने ।<br>• ध्येय, उद्देश्य र कार्यान्वयन पक्षका क्रियाकलापको ढाँचा (कार्यशाला सन्दर्भ) को विषयमा व्याख्या गर्ने ।<br>• हिन्दू कुश-हिमाली क्षेत्रमा यस प्रकारको प्रशिक्षक प्रशिक्षण तालिमको आवश्यकता<br>• यस तालिमबाट प्राप्त हुने अपेक्षाहरूका बोरमा विवेचना गर्ने (कार्यशाला सन्दर्भमा)<br>• सहभागीहरूको कार्यक्षेत्रको सन्दर्भ विश्लेषण गर्ने । | प्रस्तुतीकरण, छलफल तथा साना-साना समूह छलफल | संक्षिप्त जानकारी पत्रको तयारी |
| १.५ घण्टा | **३. विकासको बदलिएको धारणाः** आवश्यकतामुखी विरूद्ध अधिकारमुखी धारणा<br>• विकास सम्बन्धी धारणाहरूको छोटो समीक्षा<br>• विकास सम्बन्धी दूरदृष्टि<br>• तुलनात्मक विश्लेषण<br>• अधिकार र आवश्यकता बीचको तुलना | • लोक कल्याणकारी अवधारणाको फाइदा तथा कमजोरीको पुनरावलोकन गर्नु ।<br>• सुधारमुखी अवधारणाको उपलब्धी तथा सीमाहरूको आँकलन गर्नु ।<br>• अधिकारमुखी अवधारणाको आवश्यकता र जनवकालतसँग सम्बन्धित व्याख्या गर्नु | प्रश्न उत्तर | प्रशस्त तयारी नमूनाहरू |

| पहिलो दिन | | | | |
|---|---|---|---|---|
| **समय** | **सत्रको विषयवस्तु** | **उद्देश्य** | **विधि** | **सामग्री** |
| १.५ घण्टा | **४. सामाजिक संरचना र शक्ति सन्तुलन:**<br>• शक्ति विश्लेषणको महत्त्व<br>• सामाजिक संरचनाको विश्लेषण<br>• सन्दर्भ विश्लेषण (समूह कार्य) | • विकास कार्यमा शक्ति विश्लेषणको महत्त्व बारे समझदारी विकास गर्नु<br>• हिन्दू कुश-हिमाली क्षेत्रका देशहरूमा रहेका प्रभावकारी संस्थाहरूको पहिचान गर्नु ।<br>• पहाडी समाजमा शक्ति सन्तुलनको परीक्षण गर्नु ।<br>• सशक्तीकरण गर्नुपर्ने समाजका कमजोर पक्षको पहिचान गर्नु । | प्रश्न उत्तर, वृहद् छलफल, x, y खेल, समूह कार्य | पहिल्यै तयार गरेको शक्ति नमूनाहरू |
| **दोस्रो दिन** | | | | |
| २ घण्टा | **५. जनवकालतः अर्थ र उद्देश्य**<br>• पहिलो दिनको समीक्षा<br>• जनवकालतको परिभाषाको सिर्जना गर्नु ।<br>• जनवकालतको उद्देश्य र आवश्यकता<br>• के चाहीं जनवकालत होइन ?<br>• पूर्णछलफल र निचोड | • पहिलो दिनको तालिमको समीक्षा<br>• जनवकालतका विभिन्न परिभाषाहरूको व्याख्या<br>• स्थानीय सन्दर्भमा जनवकालतको प्रासंगिकताको परीक्षण<br>• जनवकालत के हो ? र के होइन ? भनि पहिचान गर्नु । | समूहकार्य प्रस्तुतीकरण र प्रश्न उत्तर | पहिल्यै तयार भएको प्रस्तुतीकरण सामग्री |
| २ घण्टा | **६. सुशासन र जनवकालत बीचको सम्बन्धः**<br>• सुशासनको धारणा<br>• सुशासनका बाधक तत्त्व<br>• बाधक तत्त्वहरूका विषयमा समूहकार्य | • सुशासनका विशेषताहरूको पहिचान<br>• स्थानीय स्तरमा सुशासनका अवरोधहरूको विश्लेषण<br>• सुशासनका अवरोधहरू हटाउन जनवकालतको आवश्यकतामाथि प्रकाश पार्नु | "snow balling" प्रश्नोत्तर, समूह कार्य | सुशासनका बारे तयार पारिएको विषयको प्रस्तुतीकरण |
| २ घण्टा | **७. सवाल पहिचान र विश्लेषण**<br>• जनवकालतका क्रमगत चरणहरू<br>• समूह कार्यका लागि सवालहरूको पहिचान<br>• निर्देशनहरूको प्रस्तुतीकरण | • जनवकालत प्रक्रियाका लागि आधारशीलाका सम्बन्धमा संक्षेपमा पुनरावृत्ति गर्नु ।<br>• सवाल पहिचानका तरिकाहरूको धारणा तयार गर्नु ।<br>• प्रत्येक क्षेत्रगत योजनाका सन्दर्भमा कम्तीमा एउटा सवालको पहिचान गर्नु । | प्रस्तुतीकरण, प्रश्न उत्तर, र साना समूहकार्य | शासनको विशेषताका विषयमा तयार गरिएको समाग्रीको प्रस्तुतीकरण |
| १ घण्टा | **८. खुला छलफल** | • सिकाइ प्रक्रियामा भएका कमी पूरा गर्नु या स्थलगत भ्रमण<br>• विदेशी सहभागीहरूका लागि मनोरन्जन वा नजिकैको संस्था भ्रमण गर्नु । | | |

| तेस्रो दिन | | | | |
|---|---|---|---|---|
| **समय** | **सत्रको विषयवस्तु** | **उद्देश्य** | **विधि** | **सामग्री** |
| २ घण्टा | **९. नीतिगत सवाल, दूरदृष्टि र ध्येयको छनोट**<br>• अधिल्लो दिनको समीक्षा<br>• सवाल, दूरदृष्टि तथा ध्येयको छनोट<br>• ध्येय र दूरदृष्टि निर्माणको प्रक्रिया<br>• एउटा सवालका लागि ध्येय, लक्ष्य, र उद्देश्य बनाउनु | • अघिल्लो दिन छलफल गरेका सवाल छनोट प्रक्रियाको समीक्षा गर्ने ।<br>• जनवकालत पहलका लागि दूरदृष्टि र ध्येय सिर्जना प्रक्रियाका बारेमा व्याख्या गर्ने<br>• अघिल्लो सत्रमा छनोट भएका सवालको लागि दूरदृष्टि र ध्येयको सिर्जन गर्ने । | (Dreaming session) काल्पनिक सत्र, सानो समूहमा छलफल र पूर्ण छलफल | तयार प्रस्तुतीकरण |
| १.५ घण्टा | **१०. लक्षित श्रोता, सहयोगी र विरोधीहरूको छनोट**<br>• बल घुमाउने अभ्यास<br>• समूह कार्य<br>• प्रस्तुतीकरण र छलफल | • लक्षित स्रोता तथा विरोधीहरूको पहिचान प्रक्रियाको बारेमा व्याख्या गर्ने ।<br>• लक्षित स्रोता तथा सहयोगीहरू पहिचान गर्दा विचार गर्नुपर्ने तत्त्वहरू<br>• प्रतिपक्षीहरूको पहिचान गर्नु | प्रस्तुतीकरण समूह कार्य | प्रस्तुतीकरण सामग्री |
| १.५ घण्टा | **११. सहयोगी समूह र सञ्जाल निर्माण**<br>• सहयोगी समूहको आवश्यकता र प्रकृति<br>• असल सहयोग समूहका लागि आवश्यक तत्त्वहरू<br>• सहयोगी समूह र सञ्जाल बीच भिन्नता | • जनवकालतका लागि सहयोगी समूहको महत्त्वको व्याख्या गर्ने<br>• सञ्जाल निर्माणका महत्त्वपूर्ण तत्त्वहरूको पहिचान गर्ने ।<br>• सहयोगी समूहहरू र सञ्जाल बीच भिन्नता छुट्याउने । | • अभिनय<br>• पूर्ण छलफल | प्रस्तुतीकरण सामग्री |
| १.५ घण्टा | **१२. सञ्चार-वकालत**<br>• जनवकालतमा सञ्चारको आवश्यकता र महत्त्व<br>• सञ्चारमाध्यम छनोटका तत्त्वहरू | • जनवकालतमा सञ्चार माध्यमको महत्त्वको विषयमा व्याख्या गर्ने<br>• सञ्चार माध्यम छनोटका विभिन्न तत्त्वहरूको पहिचान गर्ने<br>• विभिन्न मुलुकका सञ्चार वकालत सम्बन्धी अनुभवको आदान प्रदान | प्रस्तुतीकरण तथा प्रश्न उत्तर | प्रस्तुतीकरण सामग्री |
| **चौथो दिन** | | | | |
| २ घण्टा | **१३. जनवकालत रणनीतिहरूको निर्धारण: भूमिका, मुख्य सन्देश तथा क्रियाकलापहरू**<br>• अघिल्लो दिनको समीक्षा<br>• अभिनय<br>• मुख्य सन्देश र भूमिका माथि छोटो प्रस्तुतीकरण<br>• प्रस्तुत टिप्समाथिपूर्ण छलफल | • जनवकालतका लागि विभिन्न व्यक्तिहरूको भूमिका पहिचान गर्न प्रक्रियाको व्याख्या गर्ने ।<br>• जनवकालतका लागि मुख्य सन्देश निर्माणका महत्त्वपूर्ण तत्त्वहरूको पहिचान गर्ने ।<br>• विभिन्न सवालमा जनवकालतका क्रियाकलापहरू पहिचान गर्ने प्रक्रियाको बारेमा व्याख्या गर्ने । | प्रस्तुतीकरण तथा प्रश्न उत्तर र छलफल | प्रस्तुतीकरण सामग्री |

| चौठो दिन | | | | |
|---|---|---|---|---|
| **समय** | **सत्रको विषयवस्तु** | **उद्देश्य** | **विधि** | **सामग्री** |
| २ घण्टा | **१४. क्रियाकलाप समूहकार्य, समय सीमा र बजेट**<br>**ध्यानाकर्षक क्रियाकलाप:**<br>• सामूहिक नृत्य<br>**समूह कार्य:**<br>• क्रियाकलाप, समयसीमा र बजेट (समूह कार्य)<br>• प्रस्तुति र छलफल | • दिइएको घटनाका सम्बन्धमा जनवकालत पहल सञ्चालन गर्न व्यक्तिहरूका भूमिकाको छनोट गर्ने ।<br>• छनोट गरिएको घटनाका लागि मुख्य क्रियाकलाप, समयसीमा र बजेटको निर्धारण गर्ने । | प्रस्तुतीकरण तथा प्रश्न उत्तर, छलफल, घटना अध्ययन र समूह छलफल | पूर्वनिर्धारित घटनाहरू |
| १.५ घण्टा | **१५. जनवकालतका पहलहरूको अनुगमन र मूल्याङ्कन**<br>• अनुगमन र मूल्याङ्कनको धारणा<br>• घटना अध्ययनको पुनरावलोकन<br>• पूर्णछलफल | • जनवकालतमा सामान्य योजना समावेश गर्ने तरिकाहरूको व्याख्या गर्ने ।<br>• जनवकालत पहलहरूको अनुगमन र मूल्याङ्कन गर्न केही कुरा व्याख्या गर्ने । | घटना अध्ययन सानो समूह छलफल | घटना अध्ययन |
| १.५ घण्टा | **१६. जनवकालत आधारभूत अवस्था र वार्ताको रणनीति**<br>• जनवकालतको आधारभूत अवस्था<br>• जनवकालतमा वार्ता रणनीति | • जनवकालत पहलको आधार रेखा व्याख्या गर्ने<br>• आधार रेखा तयार गर्दा bottom line महत्त्वपूर्ण तथ्यहरूको निर्धारण गर्ने ।<br>• जनवकालत वार्ता रणनीति तयार गर्दा आवश्यक महत्त्वपूर्ण तत्त्वहरूका बारेमा व्याख्या गर्ने | छनोट गरिएका सादृश्य उदाहरण,<br>• अभिनय<br>• प्रश्न उत्तर | तयारी अभिनयको भूमिकाहरू |
| **पाँचौ दिन** | | | | |
| २ घण्टा | **१७. जनवकालतको साधन: जनवकालत पहलको समसामयिक साधनहरू**<br>• अघिल्लो दिनको समीक्षा<br>• साधनहरू पहिचानका लागि समूहकार्य<br>• साधनहरूको प्रस्तुतीकरण | • विभिन्न सन्दर्भमा प्रयोग भएका जनवकालतका व्यावहारिक साधनहरूका बारेमा व्याख्या गर्ने<br>• जनवकालतमा प्रयोग हुने मुख्य साधनहरूका लागि महत्त्वपूर्ण तथ्यको पहिचान गर्ने ।<br>• विभिन्न मुलुकको अनुभवको आधारमा नयाँ साधनहरूको खोजी गर्ने । | प्रस्तुतीकरण तथा साना समूहमा छलफल | तयारी प्रस्तुतीकरण सामग्री |

| पाँचौ दिन | | | | |
|---|---|---|---|---|
| **समय** | **सत्रको विषयवस्तु** | **उद्देश्य** | **विधि** | **सामग्री** |
| १.५ घण्टा | **१८. जनवकालतका साधनहरू: जनवकालत पहलका लागि केही क्रियाविधि**<br>• जनवकालतका क्रियाविधिहरूको प्रस्तुतीकरण | • विभिन्न सन्दर्भमा प्रयोग भएका जनवकालतका क्रियाविधिहरूको आदान प्रदान गर्ने ।<br>• सहभागीहरूको अनुभवबाट केही नयाँ क्रियाविधिहरूको पहिचान गर्ने | प्रस्तुतीकरण तथा साना समूहमा छलफल | तयारी प्रस्तुतीकरण सामग्री |
| १.५ घण्टा | **१९. जनवकालत पहलहरूका लागि राज्य स्तरको रणनीति**<br>• घर फर्केपछिको योजना (Back home plan)<br>• विचारको परिचय Introduction to Idea<br>• रणनीति निर्माणका लागि समूहकार्य | • राज्य/राष्ट्र स्तरको जनवकालत रणनीतिहरू तयार गर्ने<br>• राष्ट्रिय स्तरको रणनीतिका आधारमा संस्थागत रणनीति तयार गर्ने । | राष्ट्रिय स्तरको समूह छलफल | छानिएका घटना तथा सवालहरू |
| २ घण्टा | **२०. प्रशिक्षण कार्यशालाको समापन**<br>• जनवकालतको आधार<br>• तालिमको मूल्याङ्कन<br>• पृष्ठपोषणहरूको सङ्कलन<br>• अनौपचारिक समापन समारोह कार्यक्रम | • जनवकालत पहलहरूका आधारहरूको बारेमा व्याख्या गर्ने (तालिमको सारांश)<br>• तालिमको मूल्याङ्कन गर्ने<br>• पृष्ठपोषण ग्रहण गर्ने<br>• तालिमका सम्बन्धमा विभिन्न विचार आदान प्रदान गर्ने ।<br>• समारोहको औपचारिक समापन गर्ने । | पूर्ण छलफल | मूल्याङ्कन सिट |